# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २६४ | बुटवल | २०८१ असोज ०४, गते शुक्रबार | नेपाल संवत ११४४ | Friday Sept.20, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**संविधान दिवस भव्य रुपमा मनाऔं**

-नेपालको संविधान जारी भएको दिन असोज ३ गते संविधान दिवस राष्ट्रिय उत्सवका रुपमा मनाऔं ।

-संघ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं, संविधान दिवसको महत्व बढाऔं ।

-प्रत्येक नागरिकले असोज २ , ३ र ४ गते घर-घरमा राष्ट्रिय झण्डा फहराऔं, दीपावली गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड





*संविधान दिवसको खुशियालीमा बुटवल-११ माँझ गाउँमा दीप प्रज्ज्वलन गरिंदै । बिहीबार देशभर विभिन्न कार्यक्रमसहित संविधान दिवस मनाइएको छ ।* तस्विर : भोजेन्द्र नेपाली /लुम्बिनी

## लुम्बिनी प्रदेशमा ५० हजार हेक्टरमा टिमुर खेतीको सम्भावना



दाङ । लुम्बिनी प्रदेशका पहाडी र हिमाली जिल्लामा टिमुर खेतीलाई व्यवसायिक बनाउने विषयमा मुख्यमन्त्री चेतनारायण आचार्यले विदेशी दातृ निकाय र उद्यमीहरुसँग छलफल गरेका छन् । मुख्यमन्त्री आचार्य, पूर्व मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाल, पूर्व मन्त्री तथा प्रदेशसभा सदस्य बसीउद्धिन खाँ, वन तथा वातावरण मन्त्रालयका सचिव मोहनराज काफ्लेसँग फ्रान्सको इक्वेडिसका प्रमुख पिरे अलेक्डेण्डरले भेट गरेका हुन् ।

लुम्बिनी प्रदेशका पहाडी भू-भागमा अर्गानिक टिमुर खेती हुँदै आएको छ । टिमुरको व्यवसायिक खेतीबाट किसानको जीवनस्तर सुधार गर्न सकिने मुख्यमन्त्री आचार्यको भनाइ छ ।

विदेशी दातृ निकाय तथा उद्यमीहरुसँग बिहीबार देउखुरीमा भएको भेटका क्रममा मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले चालु आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा टिमुर खेतीको विकासको लागि ७० लाख बजेट विनियोजन गरेको समेत जानकारी दिए ।

'यूरोप, अमेरिकामा टिमुरको व्यापार राम्रो रहेको हुँदा लुम्बिनीको टिमुरलाई विश्व बजारसम्म पुऱ्याउन सकिन्छ,' आचार्यले भने-'नेपाली टिमुरलाई पूर्ण विषादिमुक्त अवस्थामै बचाउनुपर्ने, जसले गर्दा अर्गानिक उत्पादनको रुपमा मूल्य समेत राम्रो पाउने राम्रो सम्भावना छ ।'

पूर्व मुख्यमन्त्री तथा कांग्रेस दल नेता डिल्लीबहादुर चौधरीले लुम्बिनी प्रदेशका पहाडी क्षेत्रमा टिमुरको उत्पादन राम्रो रहेको र यसबाट किसानले धेरै आम्दानी गर्न सक्ने आधार रहेको बताए । भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले टिमुरबाट प्रदेशको समृद्धि र विकासमा टेवा पुग्ने बताए ।

लुम्बिनी प्रदेशमा जेठ १८ गते टिमुर सम्मेलन भएको थियो । लुम्बिनी प्रदेशमा १० लाख हेक्टर वन क्षेत्र छ । जसमध्ये ५० हजार हेक्टरमा टिमुर खेती गर्न सकिने सम्भावना रहेको प्रदेश सरकारले जनाएको छ । एक हेक्टर जमिनमा चार सय बिरुवा हुर्काउन सकिने, एउटा बिरुवाबाट मात्रै तीन केजीसम्म टिमुर उत्पादन गर्न सकियो भने प्रति वर्ष ६ करोड किलो टिमुर उत्पादन गर्न सकिने आधार रहेको वन तथा वातावरण मन्त्रालयका सचिव मोहनराज काफ्लेले बताए ।

प्रशोधन नगरिएको टिमुर प्रतिकिलो ५ सयदेखि ८ सय रुपैयाँ किलोमा सहजै बिक्री हुने गरेको छ र यसलाई कालो सुन भनेर पनि चिन्ने गरिन्छ । सचिव काफ्लेका अनुसार आर्थिक वर्ष २०७८/०७९ मा दुई लाख ९० हजार पाँच सय १९ किलो टिमुर निर्यात भएको छ । रोल्पा जिल्लाका विभिन्न स्थानमा टिमुरको व्यवसायिक खेती हुँदै आएको छ । विषादीरहित टिमुरलाई विश्व बजारमा पुऱ्याउँदा त्यहाँबाट राम्रो आम्दानी हुन सक्ने भएपछि सर्वेक्षण समेत सुरु भएको छ । माडी गाउँपालिका, त्रिवेणी गाउँपालिका र रुन्टीगढी गाउँपालिकामा स्थानीयले टिमुर खेती गर्दै आएका छन् । यहाँ पाइने अर्गानिक टिमुरलाई विश्व बजारमा पुऱ्याउन सकिने बारेमा विदेशी कम्पनीहरुले चासो देखाएर अध्ययन, सर्वेक्षण थालेका हुन् ।

## अराजकता फैलाउने काम भैरहेको छ : पूर्व मुख्यमन्त्री गिरी



बुटवल । लुम्बिनी प्रदेशका पूर्व मुख्यमन्त्री तथा एमाले पोलिटब्यूरो सदस्य लिला गिरीले मुलुकलाई अस्थिरतामा धकेलेर आफ्नो स्वार्थ पूरा गर्ने उद्देश्यकासाथ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरु लागिरहेको आरोप लगाएका छन् । ठूला राजनीतिक दलहरुले केही गर्न सकेनन् भनेर हल्ला फिजाउने र उनीहरुले लोकतन्त्र स्थापनका लागि खेलेका भूमिकाहरुलाई गलत ढंगले व्याख्या गरेर समाजमा अराजकता फैलाउने काम भएको बताउँदै चिन्ता व्यक्त गरे ।

मुलुकको राजनीतिक परिवर्तनलाई बचाउन ठूला दलहरुले अब सोच्नुपर्ने बेला आएको बताउँदै उनले सामाजिक अराजकता फैलाउने गतिविधिलाई रोक्नुपर्नेमा जोड दिए । नेकपा एमाले बुटवल उप-महानगरपालिका वडा नम्बर १० को दोस्रो अधिवेशनका अवसरमा बोल्दै गिरीले दलहरुले आफ्ना कमजोरी सुधार गर्नुका साथै स्थापित गरेका राजनीतिक मूल्य र मान्यताहरुलाई जनतामाझ बुझाउन आवश्यक रहेको उल्लेख गरे ।

यसैगरी पार्टीको मिसन चौरासिमा लाग्न नेता कार्यकर्तालाई आह्वान गर्दै उनले स्थानीय, प्रदेश र संघमा समेत एमालेले बहुमत प्राप्त गर्नेगरी जनतामाझ जान नेता कार्यकर्तालाई निर्देशन दिए । आगामी निर्वाचनमा एमालेलाई हार्ने अनुमति नभएको स्पष्ट पार्दै उनले हालसम्म गरेका सकारात्मक कामहरुको सन्देश जनतामा लैजाने काम पार्टी कार्यकर्ताले गर्नुपर्नेमा जोड दिए ।

» *बाँकी ३ पेजमा*

## मर्चवारबाट १२ लाखको सामान बरामद

भैरहवा । सशस्त्र प्रहरीले रुपन्देहीको मर्चवार क्षेत्रबाट ठूलो मात्रामा भन्सार छलीको अवैध सामान बरामद गरेको छ ।

कोटहीमाई गाउँपालिका ६ बोगडीबाट महेश यादवको घरमा राखिएको गोदामबाट १२ लाख बढीको लत्ताकपडा र हुक्कामा प्रयोग गरिने कोइला नियन्त्रणमा लिइएको रुपन्देहीका सशस्त्र प्रहरी प्रमुख उपरीक्षक आनन्द थापाले जानकारी दिए । उनका अनुसार उक्त सामान भन्सार पठाइएको छ ।

तस्करहरुले अत्यधिक प्रयोग गर्ने गरेको बोगडी क्षेत्रमा तस्करीको सामान गोदाम गरेको सूचना सशस्त्र प्रहरी बल नेपाल इन्टेलिजेन्ट ब्युरोलाई प्राप्त भएको थियो । सोही सूचनाको आधारमा बीओपी मजगांवाबाट सशस्त्र प्रहरी निरीक्षक विजय कुँवरको कमाण्डमा खटिएको मोबाइल टोलीले महेश यादवको घरबाट सामान बरामद गरेको थियो ।

बरामद गरिएको पोकामा महिलाहरुले प्रयोग गर्ने सुट, टप्स, पुरुषका सुट, गम्छा तथा कोइला रहेको सशस्त्र प्रहरी उपरीक्षक थापाले जानकारी दिए । उनका अनुसार १३ सय पिस टप्स सुट, ४ सय ६२ थान जेन्स टिसर्ट, १ हजार २४ थान गम्छा, १ सय ७३ थान सेन्डो, २ सय १६ थान लेडिज सुट, २ सय ८० जोर चप्पल, ३० थान लेडिज पाइन्ट, २४ पोका कोइला रहेको पाइएको छ ।

बरामद सामानको भन्सार मूल्य १२ लाख बढी रहेको र उक्त सामान भन्सार चलान गरिएको छ । पछिल्लो समय तस्करहरुबिच एकआपसमा मनमुटाव हुँदा एक समूहले अर्को समूहका विषयमा सुराकी दिने र सामान पक्राउने क्रम बढेको छ ।

रुपन्देही जिल्लाका विभिन्न नाकामा नेपाल प्रहरी, सशस्त्र प्रहरीका युनिटहरु रहे पनि स्थानीय तस्करसँग मिलेमतो गरेको आरोप लगाउँदै असन्तुष्ट समूहले सिधैं ब्युरोमा जानकारी गराउने गरेका छन् । उक्त सामान तस्कर तौलन भनिने राधेश्याम जयसवालको रहेको बुझिएको छ । उनी रुपन्देहीका नाम कहलिएका कपडा तस्कर हुन् ।

## साझा अधिकार सूचीका कानुन नबन्दा कठिनाइ : मुख्यमन्त्री



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले नागरिकहरुमा बढ्दो आकांक्षालाई सम्बोधन गर्न राजनीतिक दलहरुमा दरिलो एकता, समन्वय र सहकार्य जरुरी रहेको बताएका छन् । संविधान तथा राष्ट्रिय दिवस २०८१ को मूल समारोह कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले 'समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेश'को नारालाई सार्थक बनाउन सबै सरोकारवाला निकायको जिम्मेवारीपूर्ण भूमिका रहने बताए ।

उनले योजना निर्माण र कार्यान्वयनको तहमा लुम्बिनी प्रदेश अन्य प्रदेशको तुलनामा अग्रणी स्थानमा रहेको दाबी गर्दै दिर्घकालीन लक्ष्य निर्धारण गरेर योजनाबद्ध विकासलाई प्राथमिकतामा राखेको बताए । 'आर्थिक सूचकका हिसाबले कुल ग्राहस्थ उत्पादन बढेर गएको छ, प्रतिव्यक्ति आय, बहुआयमिक गरिबीको दर, बालमुत्युदर, मातृमृत्युदर घटेको छ', मुख्यमन्त्रीले भने-'शिक्षा, स्वास्थ्य, सडकलगायत विकास पूर्वाधारहरुमा समेत नागरिकको पहुँचहरु वृद्धि भएको छ र सुशासन सामाजिक न्याय र समृद्धिको माध्यमबाट लुम्बिनी प्रदेशको समग्र विकासलाई नागरिक समक्ष पुऱ्याउने गरी हाम्रा कार्यक्रमहरु लक्षित छन् ।'

साझा अधिकार सूचीका कानुनहरु सबै नबन्दा केही कठिनाइ महसुस भएको मुख्यमन्त्री आचार्यले बताए । कानुनहरू संघीय सरकारबाट द्रुत गतिमा निर्माण गर्न प्रदेश सरकारले समन्वय र सहकार्य गर्न तत्पर रहेको उल्लेख गरे ।

न्यून जनशक्ति, नयाँ स्थानमा प्रदेश राजधानीको व्यवस्थापन, प्रदेश गौरवका आयोजनाको सम्पन्नता तथा न्यून जनशक्तिको व्यवस्थापनका लागि आवश्यक कानुन तर्जुमा तथा परिमार्जन गर्ने गरी सरकार अघि बढेको स्पष्ट पारे । 'प्रदेशलाई सुशासनयुक्त, प्रविधिमैत्री बनाइ नागरिकलाई पुऱ्याउने सेवामा थप प्रभावकारी बनाउने गरी समेत कार्य भइरहेका छ,' उनले भने-'प्रदेशलाई भ्रष्टाचार मुक्त बनाउन र खर्चमा मितव्ययीता तथा सदाचारी शैलीको विकास गर्दै नागरिकका गुनासाहरुलाई समयमै सम्बोधन गर्ने बाटोमा छौं ।'

कार्यक्रममा सभामुख तुलाराम घर्ती मगरले संविधानमा उल्लेखित अधिकारहरु कार्यान्वयन गर्न तीन तहका सरकारको बिचमा समन्वय, सहकार्य र सहअस्तित्वको मूल मर्मलाई आत्मसात् गरेर अघि बढ्न जरुरी रहेको बताए । संविधानलाई इमानदारीपूर्वक कार्यान्वयन र सबै दलको बिचमा सद्भावपूर्ण एकता कायम गरेर अघि बढ्नुपर्ने उनले सुझाए ।

निवर्तमान मुख्यमन्त्री तथा प्रमुख प्रतिपक्ष दलका नेता जोखबहादुर महराले समतामूलक समाज निर्माण गर्न, समृद्धि हासिल गर्ने आकांक्षा बोकेको संविधानको पूर्ण कार्यान्वयनमा सबै एक ठाउँमा उभिनु पर्ने बताए । राजनीतिक स्थायित्वको लागि जनताबाट प्रत्येक्ष निर्वाचित कार्यकारी प्रमुख छान्नेगरी संविधान संशोधन गरेर जान सकिने उनले बताए ।

अहिलेको संविधानको मुख्य उपलब्धि समानुपातिक र समावेशी प्रतिनिधित्व भएकाले यसलाई संशोधन गर्न नमिल्ने बताए ।

पूर्वमुख्यमन्त्री तथा नेपाली कांग्रेसका दल नेता डिल्लीबहादुर चौधरीले विनाप्रहरीको प्रदेश सरकार हुन सक्दैन भन्दै संविधान दिवस मनाउँदै गर्ने तर, संविधान लागू गर्न नसक्ने अवस्था रहेको बताए । प्रदेशको अधिकार लिन दबाब दिनुपर्नेमा उनले जोड दिए ।

» *बाँकी ३ पेजमा*




## सम्पादकीय

# प्रादेशिक सडक गुरुयोजना

लुम्बिनी प्रदेश सरकारले प्रादेशिक सडक सञ्जाल गुरुयोजना तयार गर्दैछ । सडकमा मनपरी बजेट माग गर्ने प्रवृत्ति बढेपछि सरकारले सडक गुरुयोजना तयार गरी बजेट विनियोजन र कार्यान्वयन गर्न लिएको पहलकदमी सकारात्मक छ ।

प्रदेश लोकमार्ग र प्रादेशिक सडकको पहिचानको लागि केही आधारहरु कानुनी रुपमै तयार पारिएको छ । प्रदेश लोकमार्गभित्र दुई वा दुईभन्दा बढी जिल्ला भएर जाने प्रमुख सडक, छिमेकी प्रदेश जोड्ने प्रदेशका मुख्य सडक, राष्ट्रिय लोकमार्गबाट सुरु भइ अर्को लोकमार्ग जोड्ने सडक, कुनै केन्द्रीय सडक सञ्जालमा नपर्ने दुई जिल्लाका केन्द्र जोड्ने सडक, संघबाट हस्तान्तरण भएका सहायक लोकमार्गहरु र प्रदेश सरकारले निर्माण गरेका गौरवका सडकहरुलाई प्रादेशिक सडक सञ्जालमा राखिएको छ । प्रदेश सरकारले २०७७ सालमा सडक निर्माण, मर्मतसंभार तथा विस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ल्याएको थियो । भौतिक पूर्वाधार विकास मन्त्रालयले तयार पारेको विवरण अनुसार, प्रदेशमा ३ सय ८९ वटा सडक प्रदेशभित्र रहेका छन् । तीमध्ये ३१ वटा सडक प्रादेशिक सडकको रुपमा पहिचान भएका छन् । प्रादेशिक सडक किटान गरेपछि ती सडकमा समयावधि तोकेर पूर्वाधार निर्माणको काम अघि बढाउने तयारी छ ।

मनपरी खोलेका सडकमा सीमित बजेट परिचालन गर्दा नतिजा देखिन नसकेकोले अब बजेट परिचालन नतिजामुखी हुने बाटो खुलेको छ । आवश्यकता र औचित्यका आधारमा बजेट विनियोजन गर्नका लागि सहयोगी भूमिका नहुँदा विगतमा सरकार बाटो बिराएको बटुवाझैं भएको अलमलमा थियो । बजेट खर्च भइरहेको छ तर बजेट खर्चअनुसार नतिजा नदेखिएकाले अब गुरुयोजनाअनुसारका सडकमा बजेट विनियोजन र खर्च हुँदा पूर्वाधार विकासमा नतिजा देखिन्छ भन्ने विश्वासलाई प्रदेश सरकारले साकार पार्नुपर्छ ।

अब टुक्रे आयोजनाका लागि बजेट छर्ने होइन्, सीमित आयोजनाका लागि धेरै बजेट विनियोजन र खर्च गर्न प्रदेश सरकारले ध्यान दिनुपर्छ । प्रादेशिक सडक सञ्जालमा परेका सबै सडकका लागि एकैपल्ट बजेट विनियोजन गर्ने दबाब पनि हुनसक्छ तर प्राथमिकताका आधारमा बजेट परिचालन गरी नतिजा दिनुपर्छ । प्रदेश सरकारको औचित्य स्थापित गर्ने मौका पनि हो ।

# एमाले देशको पहिलो ठूलो पार्टी बन्ने तरखरमा



विन बहादुर कुँवर

*राष्ट्रघाती भनाइप्रति प्रम ओलीलगायतका अरु एमाले नेताहरु मौन देखिएका छन् । यसलाई उचालेर एमाले र एस बिचको पार्टी एकीकरणलाई असर पार्ने काम एमाले पंक्तिबाट भएको देखिंदैन । यसरी ढिलोचाँडो एमाले देशको ठूलो दल बन्ने र त्यसपछि कांग्रेस कतै काईकुई गर्न थाले यो गठबन्धनलाई लत्याउँदै पुनः ठूलो दलको हैसियतले एमालेकै नेतृत्वमा त्यसपछि पनि एमाले अध्यक्ष ओली नै यो कार्यकालभरि नै प्रधानमन्त्री बनिरहने रोडम्याप बनाइँदैछ ।*

वर्तमान देशको मूल राज्य सत्ताको स्वरुप अहिले पनि सामन्ती, दलाल र नोकरशाही बुर्जुवा प्रकारकै छ । यसअन्तर्गत सञ्चालित संसदीय राज्य व्यवस्था र यसको व्यवस्थापिका सदनमा पनि त्यही अनुरुपको छ । त्यसमा सामन्ती, दलाल र नोकरशाही बुर्जुवाहरुकै बोलवाला छ । प्रधानमन्त्री, मन्त्री र सभासद सबैमा त्यसैको प्रभाव छ । संसदीय निर्वाचन बाहिर देखावटी नौटंकी मात्र हो । यो त्यसमा पनि यसैको प्रभाव छ । आखिर संसद भनेको लेनिनले भने जस्तै बाहिर खसीको टाउको देखाएर भित्र कुकुरको मासु बेच्ने ठाउँ हो । ठीक यो आज हाम्रै अगाडि अर्थात् नेपालको व्यवस्थापिका सदन र त्यसका माननीय सभासदहरुको व्यवहार र चरित्रले प्रष्ट देखाएको छ । सत्तामा खाली भ्रष्टाचारी, तस्करी, ठग, लुटेरा, कमिशनखोर, विचौलिया र राष्ट्रघातीहरुको जमघट मात्र छ । अनेक खाले जनघाती काण्डका नाइकेहरु नै यो सत्ताको नाइके बनिरहेका छन् । देउवा, प्रचण्ड, ओली, माधव, बाबुराम सबै पूर्व प्रधानमन्त्रीहरु यस्ता हरेक काण्डमा मुछिंदै आएका छन् । यसको अगुवा अहिले यतिबेला उनीहरुका चेला चपेटा खाँड, रायमाझी, महरा, धनराज, ऋषिकेश साथै सहकारी ठगी प्रकरणमा नयाँ साधु रवि समेत यस्ता विभिन्न काण्डमा मुछिएका छन् ।

हालै सहकारी रकम अपचल छानविन सम्बन्धी संसदीय समितिले आफ्नो अध्ययन रिपोर्ट सदनमा प्रस्तुत गरेको छ । उक्त रिपोर्ट अर्थात् सहकारी रकम अपचलन ठगीमा यो संसदकै केही सभासदहरु परेका छन् । यसमा पूर्व उपप्रधानमन्त्री तथा गृहमन्त्री अर्थात् रास्वपा पार्टीका सभापति रवि लामिछानेको नाम परेको छ । जिवि. राई मार्फत् गोर्खा मिडियाका तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछानेद्वारा विभिन्न सहकारी संस्थाहरुको करिब ७० करोड जति रकम हिनामिना भएको जानकारी त्यसमा गराइएको छ । त्यही अनुरुप उनलाई कारबाही गर्नु पर्ने उक्त छानविन प्रतिवेदनमा उल्लेख गरिएको छ । तर रवि लामिछाने र उनको पार्टीले भने त्यसमा क्लिन चिट अर्थात् सफाई पाएको भन्दै हर्ष बढाई उत्सव नै गरिरहेका छन् । यसमा खास गरी कांग्रेसी नेता गगन थापाप्रति लक्षित गर्दै राजनीतिक सन्यास लिने अब कहिले ? भन्दै उनीप्रति कटाक्ष गरिरहेका छन् ।

रवि र उनको ग्याङ्का सदस्यहरुको एउटै मत के छ भने रविले कुनै पनि सहकारी संस्थाबाट त्यस्तो रकम बुझेको कुनै प्रमाण नै भेटिएन । हो, रविले उनकै हस्ताक्षर गरेर वा उनकै नाममा त्यस्तो रकम प्रत्यक्ष नबुझेका हुन सक्छन् । तर उनी आबद्ध गोर्खा मिडियामा भने त्यस्तो रकम आएको छ । त्यसलाई उनले इन्कार गरेका छैनन् । पहिलो कुरा त सहकारी संस्थाको त्यो रकम गोर्खा मिडियामा आउनु नै गैरकानुनी र अनुचित छ । कुनै पनि सहकारी संस्थाले रकम आफ्नो सदस्य विना अरुलाई दिनु र लगाउनु नै गलत छ । अब आयो त्यो रकम को मार्फत त्यहाँ आयो र त्यसलाई कसकसले बुझे र परिचालन गरे ? निश्चिय नै उक्त रकम विभिन्न सहकारी संस्थाका सञ्चालक ठग जीबी राई मार्फत् त्यहा आयो । स्वयं त्यो मिडियाको अध्यक्ष भएका नाताले उनी मार्फत नै त्यो रकम मिडियामा लगानी गरियो । त्यो रकम परिचालन जिवि राई एक्लैले नगरी त्यस मिडियासँग सम्बन्धित अरु समितिका सदस्य मार्फत् पनि भयो । मिडिया सञ्चालक प्रबन्धक निर्देशक स्वयं रवि लामिछाने भएकाले र त्यसको एउटा मूल हिस्सेदार उनी भएकोमा कुनै शंका छैन । आखिर रकम जोबाट आए पनि मिडियामा लगानी गर्ने नाममा बाँडीचुँडी खाने एउटा प्रमुख हिस्सेदार रवि भएको स्पष्ट नै छ । यति हुँदा हुँदै पनि सहकारी रकम अपचलन र ठगीमा रवि नमुछिएको भन्दै हर्ष बढाइ गरिरहनु अरुले मानुन नमानुन् आफैं रहमान भने जस्तै यो क्षणिक आत्म सन्तुष्टि मात्र हो ।

यसका लागि धेरै कानूनी व्याख्या विश्लेषण गर्नै पर्दैन । बुझ्न र जान्नका लागि एउटा सानो उदाहरण काफी छ । जस्तै कुनै एउटा सुन चोरले त्यो सुन चोरी अरु कुनै सुन पसलमा बिक्री गऱ्यो । पछि चोर समातियो र सुन खोज्दै जाँदा त्यो सुन पसले पनि समातियो । त्यस्तो सुन वा माल त्यत्तिकै कुनै सोधपुछ र जाँच बुझ नगरी किनिराख्नु पनि अपराध नै मानिन्छ । ठीक यो सहकारी सञ्चालक ठग जिवि र गोर्खा मिडिया संचालक रविमा पनि लागू हुन्छ । त्यसैले जतिसुकै बखडा झिके पनि आखिर सहकारी रकम अपचलन ठगी काण्डमा रवि लामिछाने मुछिएकै छन् । खाली फरक यत्ति हो कि रवि यसमा सिधै कान सामती उठबस नगरे पनि हात पछाडिबाट घुमाई कान समाती उठबस गर्नै पर्ने हुन्छ । तर यो सबै सरकारमा भर पर्ने देखिन्छ । कतै यो रवि र उनको ठगी ग्याङ्मा देखिएको यो अस्वाभाविक नखरमाउलो उत्सवका पछाडि प्रधानमन्त्री केपी ओलीको आशीर्वादले त काम गरिरहेको छैन ?

यो स्वाभाविक पनि छ जुन बेला कांग्रेसले यही घटना अर्थात् तत्कालीन गृहमन्त्री रवि लामिछानेको सहकारी रकम अपचलन ठगीको विषयलाई लिएर ३ महिनासम्म सदन अवरुद्ध पारिरहेको थियो । त्यतिबेला प्रम प्रचण्ड र एमाले अध्यक्ष ओली त्यसको विपक्षमा थिए । रवि यसमा दुधले नुहाइएको शुद्ध भएको भन्दै त्यसको प्रतिकार गरिरहेका थिए । यतिसम्मकि संसदीय छानविन समिति गठनमा प्रम प्रचण्ड केही लचिलो र सकारात्मक जस्तो देखिए पनि ओली त्यसमा एकदमै नकारात्मक थिए । यसमा खाली कांग्रेसको मात्रै विरोध गरी रवि बचाउमा नै ओली कम्मर कसेरै बसिरहेका थिए । तर पछि एमालेकै सभासद त्यसमा पनि ओलीकै अति निकट सूर्य थापालाई नै त्यसको सभापति संयोजक बनाइएकाले मात्र ओली त्यसमा सहमत भएका थिए । पछि एकाएक सत्ता परिवर्तन ओली प्रधानमन्त्री तर रवि प्रतिपक्षी बनी सत्ता पक्षको विरुद्धमा उत्रिएपछि ओली र रविबीच केही अन्तर्विरोध बढेर गएको थियो । यही क्रममा सहकारी संसदीय छानविन समितिले आफ्नो प्रतिवेदन तयार गरिरहेको थियो । जब समितिले रविविरुद्ध केही प्रमाण जुटाउँदै थियो, त्यही क्रममा रवि प्रम ओलीलाई भेट्न बालुवाटार गएका थिए । त्यो भेट आफू केन्द्रित नभएर उपसभामुख इन्दिरा राना मगरको विषयमा भनिएता पनि त्यो भेटको मूल कारण रवि केन्दित नै भएको अनुमान सबैको थियो ।

एकाएक सदन र बाहिर मिडिया चारैतिर उपसभामुख इन्दिरा रानाको राजीनामा माग त्यो नभए महाभियोगको चर्चा भए पनि अहिले त्यो मत्थर भएको छ । यसमा प्रम ओली र रविबिचको भेटवार्ताले काम गरेको अनुमान सबैको छ । अब फेरि रवि सहकारी रकम ठगी प्रकरण पनि यसैसँग जोडी कतै यसमा पनि प्रम ओली र रवि भेटवार्ताको प्रभाव त पर्ने होइन ? आशंकाको विषय बनेको छ । हुन पनि ओली-रवि दुवै ठूला खेलाडी कसले कुन बेला के गर्छन् ? थाहा पत्तो नै हुँदैन ।

प्रम ओलीलाई यो आगामी दुई वर्ष मात्रै होइन, यो पुरै अवधिभरि नै प्रधानमन्त्री बनिरहनु छ । त्यस्तै रविलाई पनि जसरी हुन्छ यो सहकारी रकम ठगी प्रकरणलाई त्यत्तिकै सामसुम पारी पुनः सरकारमा पुग्नु छ । यो दुवैको स्वार्थ एकताले गर्दा कतै अहिलेदेखि नै प्रम ओली आगामी नयाँ सत्ता समीकरणका लागि नयाँ सोंच विचारमा त छैनन् ? यो हो भने यो रवि प्रकरण त्यत्तिकै ओझेलमा पर्ने देखिएको छ । अहिले देखिएका रवि एण्ड उनको कम्पनीको यो चुराफुरी अर्थात् तल परे पनि खुट्टा माथि परेको, भन्दै गरिएको यो कथित क्लिन चिट रमिताको पछाडि यसले पनि काम गरिरहेको अड्कल गरिंदैछ ।

एकातिर प्रम ओली प्रतिपक्षलाई यसैगरी केही नरम पार्दै आफ्नो यो दुई वर्षे कार्यकाललाई सुनिश्चित पार्दै छन् भने अर्कोतिर त्यो अवधिसम्म देशको पहिलो ठूलो दल नेता बन्ने तयारीमा छन् । त्यसका लागि अशोक राई पक्षलाई आफ्नो बनाइसकेका छन् । त्यसैगरी अब माधव नेपाल पक्षलाई पनि एमालेमै मिलाउने तरखर भइरहेको छ । अहिले नै नेपाल पक्षका केही सभासद तथा नेताहरु एमालेमा फर्की हाल्न खुट्टा उचालेर बसिसकेका छन् । तैपनि माधव, झलनाथ समेत ओलीले चाहे पुनः एमालेमै फर्किहाल्ने मनासय व्यक्त गरिरहेका छन् । त्यसैले एक जना माधव पक्षधर सभासद मेठमणि चौधरीले कालापानी, लिम्पियाधुरा र लिपुलेक समेटिएको नेपालको चुच्चे नक्साअन्तरगतको त्यो क्षेत्र भारतकै भएको भन्ने जस्तो घोर राष्ट्रघाती भनाइप्रति प्रम ओलीलगायतका अरु एमाले नेताहरु मौन देखिएका छन् । यसलाई उचालेर एमाले र एसबिचको पार्टी एकीकरणलाई असर पार्ने काम एमाले पंक्तिबाट भएको देखिंदैन । यसरी ढिलोचाँडो एमाले देशको ठूलो दल बन्ने र त्यसपछि कांग्रेस कतै काईकुई गर्न थाले यो गठबन्धनलाई लत्याउँदै पुनः ठूलो दलको हैसियतले एमालेकै नेतृत्वमा त्यसपछि पनि एमाले अध्यक्ष ओली नै यो कार्यकालभरि नै प्रधानमन्त्री बनिरहने रोडम्याप बनाइँदैछ । अन्ततः कांग्रेसी सभापति देउवाका लागि प्रधानमन्त्री पद हात्ती आयो हात्ती आयो फुस्सा भन्ने जस्तै हुने त होइन ?

# श्रीलङ्कामा आर्थिक मन्दीपछि पहिलोपटक शनिबार मतदान हुँदै



बुटवल । श्रीलङ्का आर्थिक सङ्कटमाथिको सावधानीपूर्ण अवतरणपछि श्रीलङ्कामा शनिबार मतदान हुन लागेको छ । राष्ट्रपति रनिल विक्रमासिङ्घेले अर्थतन्त्रलाई स्थिर बनाउन र महिनौँसम्मको खाद्यान्न, इन्धन र औषधीको अभावको अन्त्य गर्ने श्रेय दाबी गर्दै नयाँ जनादेशका लागि निर्वाचनको घोषणा गरेका हुन् ।

सन् २०२२ मा मन्दीका कारण आक्रान्त बनेका नागरिकले तत्कालीन निर्वाचित राष्ट्रपतिविरुद्ध आन्दोलित भएपछि देश छोडेर भागकी थिइन भने विक्रमासिङ्घेले सङ्कटका समय देशलाई नेतृत्व गरेर थलिएको अर्थतन्त्रलाई सम्हाल्दै झण्डै सङ्कटग्रस्त हुनुपहिलेको अवस्थामा पुऱ्याएका छन् ।

निर्वाचनमा आफूलाई मतदान गर्न आह्वान गर्दै प्रचारको अन्तिम समयमा विक्रमासिङ्घेले भने-"सबै आशा हराएको पहिलेको समयलाई सोच्नुहोस् र कसलाई मतदान गर्ने फैसला गर्नुहोस् । हामीले सत्ता सम्हाल्दा खाना, ग्यास, औषधि पाउनसक्ने कुनै आशा थिएन ।" उनले भने-"अब तपाईँसँग विकल्प छ । तपाईं आतङ्कको अवधिमा फर्कन चाहनुहुन्छ कि प्रगति गर्न चाहनुहुन्छ भन्ने निर्णय गर्नुहोस् ।"

तर विक्रमासिङ्घेको कर वृद्धि गर्ने र राज्यले नागरिकका लागि दिएका अन्य सुविधाहरूलाई कसिलो पार्दै दातृ निकाय र यसमा पनि खासगरी आइएमएफको बेलआउटको सर्तहरू प्रा गर्दा नागरिकहरू उनीसँग खुसी छन् वा छैनन् यो निर्वाचनले निर्णय दिनेछ । उनी सङ्कटका समय नेतृत्व गरेको र देशलाई थप वर्वादित् जानबाट रोक्न सकेकोमा आफू विजयी हुनेमा आशावादी छन् ।

विज्ञहरूका अनुसार श्रीलङ्काको अर्थतन्त्र अझैं पनि कमजोर छ । यहाँको ४६ अर्ब विदेशी ऋणको भुक्तानीको समय सन् २०२२ पछि सरकारी प्रतिबद्धता अनुसार फेरि आएको छ ।

विक्रमासिङ्घेले निर्वाचित भएमा आफ्नो तपस्याबाट आएको कार्यक्रमलाई अगाडि बढाउने र आईएमएफसँगको सहकार्यमा कुनै विचलनतिर जान नदिने बताएका छन् ।

"निर्वाचन धेरै हदसम्म विक्रमासिङ्घेको सरकारले कसरी आर्थिक सङ्कट र आगामी सुधारलाई ह्यान्डल गरेको छ भन्नेमा जनमत सङ्ग्रह हुनेछ ।"- अन्तर्राष्ट्रिय सङ्कट समूहले यस हप्ताको एक रिपोर्टमा भनिएको छ ।

# मुगको दालका फाइदा



जाडोमा हरियो सागसब्जीसँगै मुगको दाल खाँदा शरीरलाई धेरै फाइदा हुन्छ । मुगको दाल पोषक तत्वले भरिपूर्ण हुन्छ । यसमा प्रोटिन, फाइबर, सोडियम, पोटासियम, आइरन र भिटामिन सी पाइन्छ ।

मुगको दाल उमारेर या तरकारी बनाएर खान सकिन्छ । यो दाल स्वादिलो हुनुका साथै जाडोमा शरीरलाई न्यानो राख्छ । मुगको दाल खाँदा रोग प्रतिरोधी क्षमता बलियो हुनुका साथै जाडोमा हुने पाचन प्रणालीसँग सम्बन्धित समस्या पनि सजिलै निको हुन्छ। मुगको दाल खाँदा रुघाखोकीबाट बच्न सकिन्छ ।

**दालका अन्य फाइदा**

**मुटुका लागि फाइदाजनक**

मुगको दाल फाइबर र पोटासियमको राम्रो स्रोत हो जुन मुटुका लागि आवश्यक हुन्छ । फाइबरले कोलेस्ट्रोलको मात्रा घटाउन मद्दत गर्छ भने पोटासियमले रक्तचाप नियन्त्रण गर्न मद्दत गर्छ। साथै मुगको दालमा बोसो र सोडियमको मात्रा कम हुन्छ । यसले मुटुलाई स्वस्थ राख्छ ।

**तौल घटाउन मद्दत गर्छ**

यदि जाडोमा तौल घटाउने सोचमा हुनुहुन्छ भने आफ्नो डाइटमा मुगको दाल अवश्य समावेश गर्नुहोस् । मुगको दालमा पाइने प्रोटिन र फाइबरले तौल घटाउन मद्दत गर्छ । प्रोटिनले मांसपेशी निर्माण र कायम राख्न मद्दत गर्दछ जबकी फाइबरले लामो समयसम्म पूर्ण राख्छ । मुगको दालमा क्यालोरी पनि कम हुन्छ जसले तौल घटाउन मद्दत गर्छ ।

**पाचन प्रणाली स्वस्थ**

मुगको दालमा प्रशस्त मात्रामा फाइबर हुन्छ । फाइबरले कब्जियतबाट बचाउँछ र पेट सफा गर्न पनि मद्दत गर्छ। मुगको दालमा प्रिबायोटिक्स पनि पाइन्छ जसले आन्द्रामा गुडको ब्याक्टेरिया बढाउँछ । मुगको दालको सेवनले पाचन प्रणालीलाई स्वस्थ राख्छ ।

**रोग प्रतिरोधात्मक क्षमता**

जाडोमा मुगको दाल खाँदा रोग प्रतिरोधात्मक क्षमता बलियो हुन्छ । यसमा पाइने जस्ता र आइरनले मौसमी संक्रमणबाट बचाउँछ । जिंकले सेतो रक्त कोशिकाहरू उत्पादन गर्न मद्दत गर्दछ जसले संक्रमणसँग लड्छ । फलामले अक्सिजन बोक्न मद्दत गर्छ । जसबाट मौसमी संक्रमणबाट बच्न सकिन्छ ।

**रगतमा चिनीको मात्रा नियन्त्रण**

जाडो मौसममा धेरैको रगतमा चिनीको मात्रा बढ्छ । यस्तो अवस्थामा मुगको दालको सेवनले मधुमेह नियन्त्रण गर्न सकिन्छ । मुगको दालमा कम ग्लाइसेमिक इन्डेक्स हुन्छ ।

जाडोमा मुगको दाल खाँदा शरीरलाई फाइदा हुन्छ । तपाँईलाई कुनै रोग वा एलर्जीको समस्या छ भने चिकित्सकको सल्लाह लिएर मात्र दाल खानुहोस् ।

वन्लीमाइहेल्थबाट अनुवाद

# समितिका पदाधिकारीलाई अभिमुखीकरण

कञ्चन । सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ, कञ्चन रुपन्देहीले कञ्चनका १९ वटा सामुदायिक विद्यालयका व्यवस्थापन समितिका पदाधिकारीहरुका लागि एक दिने नेतृत्व विकास तथा क्षमता अभिवृद्धिसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।

अभिमुखीकरण कार्यक्रममा उत्प्रेरक प्रशिक्षक तथा नेपाल जेसीजका राष्ट्रिय उपाध्यक्ष राजन पौडेलले विद्यालय व्यवस्थापन समितिको बैठक र निर्णय लेखन तथा व्यवस्थापन समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार कहाँ कतिबेला र कसरी प्रयोग गर्ने भन्नेबारे प्रशिक्षण दिएका थिए। प्रशिक्षा पौडेलले कार्यक्रममा बैठकको प्रकृति र त्यसको नेतृत्व क्षमता र व्यवस्थापन समितिका पदाधिकारीहरुबाट शिक्षक, अभिभावक र विद्यार्थीहरुले गर्ने अपेक्षा तथा उत्कृष्ट र आकर्षक विद्यालयको रुपमा स्थापित गर्न पदाधिकारीको भूमिका र जिम्मेवारीको बारेमा अभिमुखीकरणात्मक प्रशिक्षण दिएका थिए।

कार्यक्रममा सहभागी विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई निर्देशनात्मक विचार व्यक्त गर्दै कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकालले व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार भनेको विद्यालयको भौतिक पूर्वाधार शैक्षिक स्तरवृद्धि गर्नमा आवश्यक पर्ने श्रोत साधनहरुको सही रुपमा व्यवस्थापन गर्ने भएको उल्लेख गरेका थिए। विद्यालयको शैक्षिकस्तरलाई राम्रो बनाउन पालिकाले निजी प्रकाशन गृह तथा शिक्षा विभागबाट समेत विषयगत प्रशिक्षकहरुलाई शिक्षक तालिम प्रदान गरेको उल्लेख गर्दै अध्यक्ष ढकालले राजयले शिक्षामा गरेको लगानी अनुरुप प्रतिफल दिनमा व्यवस्थापन समितिको नियमित अनुगमन र उचित समयमा उचित निर्णय लिएर अगाडि बढ्नु पर्ने बताए।

यस्तै विद्यालय व्यवस्थापन समिति महासंघका केन्द्रीय उपाध्यक्ष तथा लुम्बिनी प्रदेशका अध्यक्ष सरद भट्टराईले विद्यालयलाई कस्तो बनाउने र शिक्षकहरुलाई आफ्नो शिक्षण पेशाप्रति उत्तरदायी बनाउने जिम्मेवारी पनि व्यवस्थापन समितिको कर्तव्य रहेको बताएका थिए। शान्ति नमूना माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका भट्टराईले परमपरागत नेतृत्व र व्यवस्थापन विद्यालयको शैक्षिक र भौतिक पूर्वाधार विकास हुन नसक्ने र आफूसँग भएको न्यून श्रोत साधानहरुको अधिकतम उपयोग गरेर नमूना विद्यालय बनाउन सक्ने नेतृत्वको मात्र लामो समयसम्म चर्चा भइरहने औंल्याए।

यसैगरी सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ रुपन्देहीका अध्यक्ष युवराज गुरुङ्गले विद्यालय व्यवस्थापन समितिको नेतृत्वमा आफू आएपछि विद्यालयको शैक्षिक र भौतिक पूर्वाधार विकासका लागि योजना निर्माण गरेर अगाडि बढ्नु पर्ने बताए। नाम मात्रको पदाधिकारी भएर विद्यालय र विद्यार्थीहरुको भविष्य सुन्दर बनाउन नसकिने भन्दै अध्यक्ष गुरुङ्गले आफू विद्यालयप्रति प्रतिबद्ध र योजनामा आधारित नेतृत्वको विकास गर्न सकेमात्र शिक्षक, विद्यार्थी र अभिभावकहरुले गरेको अपेक्षाअनुरुप अगाडि बढ्न सकिने बताएका थिए।

कार्यक्रमको अध्यक्षता गर्दै सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ कञ्चनका अध्यक्ष चुडामणी पौडेलले विद्यालय बनाउने योजना, सही दृटिकोण र सोंच भएको तर त्यसको परिचालन गर्नमा नेतृत्व र क्षमतामा कमी भएकै कारण जीवनमा प्राप्त गरेको नेतृत्व असफल हुने बताए। नेतृत्व गर्छु भनेर मात्र नहुने भन्दै अध्यक्ष पौडेलले नेतृत्वमा हुनुपर्ने गुणहरुको अभावका कारण समितिको बैठक पनि अनिर्णय बन्ने, भएको निर्णयको सही रुपमा कार्यान्वयन नहुने जस्ता कमजोरीहरु दोहोरिने भएकोले कञ्चन गाउँपालिकाको आर्थिक सहयोगमा विद्यालयय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई नेतृत्व विकास र क्षमता अभिवृद्धिसम्बन्धी अभिमुखीकरणात्मक कार्यक्रमको आयोजना गरिएको बताए। प्रगती नमूना माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष समेत रहेका  पौडेलले काम गर्ने इच्छाशक्ति भएका हरेक नेतृत्वहरुले थोरैमात्र भए पनि नेतृत्वका गुणहरुबारे जानकारी हुन सक्यो भने आफ्नो क्षेत्रमा अब्बल नेतृत्व सावित भएर निस्किन सकिने बताएका थिए।

कञ्चन गाउँपालिकाको सहयोगमा भएको कार्यक्रममा सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ कञ्चनका अध्यक्ष चुडामणी पौडेलको अध्यक्षता, दुर्गा माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा महासंघका उपाध्यक्ष यमबहादुर कार्कीको स्वागत तथा हरैया माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा महासंघका सचिव मेघनाथ पौडेलले कार्यक्रम सञ्चालन गरेका थिए। कञ्चन गाउँपालिकाको सभाहलमा भएको उक्त कार्यक्रममा सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ कञ्चनको सल्लाहकारमा लुम्बिनी ज्ञाननिकेतन माद्ययमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लोकराज पौडेल र भैसाही माद्ययमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णु थारुलाई मनोनयन गरिएको मनोनयन पत्र प्रदान गरिएको थियो। कार्यक्रममा सहभागीहरुको तर्फबाट विजय शर्मा पौडेलले समेत आफ्नो विचार व्यक्त गरेका थिए।

---

**अराजकता...**

राजनीतिक परिवर्तन होस वा भौतिक पूर्वाधारको विकासमा एमाले नेतृत्वले गरेका राम्रा कामहरु जनतालाई बुझाउन नसकिएको बताउँदै उनले अब समीक्षासहित जनतामा जानुपर्ने बेला आएको उल्लेख गरे।

यसैगरी नेकपा एमाले लुम्बिनी प्रदेश कमिटी सदस्य तथा बुटवल उपमहानगरका इञ्चार्ज गोपाल रानाले रुपन्देहीबाटै आर्थिक समृद्धिको सुरुवात गर्नु पर्नेमा जोड दिए।

एमालेकै नेतृत्वमा रुपन्देही विकासको मोडेलको रुपमा स्थापित भएको उल्लेख गर्दै उनले अझ धेरै गर्न बाँकी रहेको समेत उल्लेख गरे। यस्तै प्रदेश कमिटी सदस्य बाबुराम भट्टराई, विमला श्रेष्ठलगायतले बोल्दै बुटवललाई आर्थिक राजधानीको रुपमा स्थापित गर्नका लागि एमाले नेतृत्व आवश्यक रहेको उल्लेख गरे।

पार्टीका वडा अध्यक्ष कला केसीले आफ्नो कार्यकालमा गरेका विभिन्न गतिविधिहरुसहितको आर्थिक तथा सांगठनिक प्रतिवदेन प्रस्तुत गरेकी थिइन्। सचिव तिलक पराजुलीको सञ्चालन तथा उपाध्यक्ष टंककुमार खड्काको स्वागतमा कार्यक्रम भएको थियो।

अधिवेशनले आगामी कार्यकालका लागि नयाँ नेतृत्व समेत चयन गरेको छ।

**साझा...**

संविधान दिवसका अवसरमा राजधानी राप्ती उपत्यकामा विभिन्न समुदायको कला संस्कृति झल्किने झाँकी प्रदर्शनी गरिएको छ। मगर, थारु, नेवार, ब्राह्मणलगायतका समुदायले आ-आफ्नो समुदायको कला संस्कृतिसहितको झाँकी प्रदर्शन गरेका हुन्। राप्ती नेवारी समाजले परम्परागत रोपाइ जात्रा, थारु समुदायको झाँकी, राप्ती स्काउट समूहले स्काउट झाँकी, राप्तीको नौमती बाजासहितको झाँकी प्रस्तुत गरिएको थियो।

---

## सवारी साधन बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति :२०८१/०६/०४**

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको स्वामित्वमा रहेका देहाय बमोजिमका सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बिक्री गर्नु पर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी तथा संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बैंकको रजिष्टर्ड कार्यालय बुटवल रुपन्देहीमा आइपुग्ने गरी शिलबन्दी (बोलपत्र) दरखास्त पेश गर्न आव्हान गरिन्छ।

### बिक्री गरिने सवारी साधनको विवरण

| S.No. | Vehicle's Name | Engine no. | Chassis no. | Model no. | Vehicle no. |
|---|---|---|---|---|---|
| 1 | Honda Shine -125cc | JC36E77859933 | ME4JC36JHD7576021 | 2013 | Lu 16 Pa 6425 |
| 2 | Pulsar - 150cc | DHZWEC89450 | MD2A11CZ8EWC09666 | 2014 | Lu 19 Pa 3460 |
| 3 | Honda Aviator -110cc | JF21E80207706 | ME4JF215HE8174690 | 2014 | Lu 19 Pa 9143 |
| 4 | Super Splendor-125cc | JA05ECF9J00652 | MBLJA05EMF9J05722 | 2015 | Lu 24 pa 5330 |
| 5 | Honda Shine -125cc | JC65E70542894 | ME4JC651FG7362701 | 2016 | Lu 28 Pa 1030 |
| 6 | Bajaj Discover - 125cc | PAZWFC69881 | MD2A57BZ0FWC02396 | 2015 | Ra 3 Pa 1376 |
| 7 | Yamaha Saluto - 125cc | E3P1E0081745 | ME1RE1228G0045723 | 2016 | Bhe 7 Pa 666 |
| 8 | Yamaha Saluto - 125cc | E3P1E0081218 | ME1RE1228G0045394 | 2016 | Bhe 7 Pa 50 |
| 9 | Honda Shine SP-125cc | JC73E81008461 | ME4JC734GH8004334 | 2017 | Bhe 7 Pa 5353 |
| 10 | Honda Shine -125cc | JC65E72213488 | ME4JC65AGJ7137737 | 2018 | Lu 43 Pa 6220 |
| 11 | Hyundai Santro - 1086cc | G4HGBM374190 | MALAA51HLBM721532 | 2011 | Lu Pra-01-001CHA0297 |
| 12 | Toyota Hilux - 2494cc | 2KD7885197 | MROFR22G100553313 | 2009 | Lu Pra-01-001CHA0299 |

**बोलपत्र सम्बन्धी शर्तहरु :**

१. विकास बैंकको केन्द्रीय कार्यालय वा पायक पर्ने शाखा कार्यालयबाट रु १,०००/०० (अक्षरेपी एक हजार मात्र) विकास बैंकको केन्द्रीय कार्यालयको **Others Income** खाता नं. **9373011000013** मा जम्मा गरी बोलपत्र खरीद गर्नुपर्नेछ। बोलपत्र वापतको रु १,०००/०० (अक्षरेपी एक हजार मात्र ) फिर्ता गरिने छैन।

२. आफूले कबोल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशत रकम धरौटी वापत यस विकास बैंकको केन्द्रीय कार्यालयको **Sundry Creditors Margin Account** खाता नं. **9266017000010** मा जम्मा गरी जम्मा गरेको सक्कल भौचर बोलपत्रका साथ पेश गर्नु पर्नेछ। सो बाहेक अन्य कुनै धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिइने छैन। बोलपत्र सकार गर्ने व्यक्ति, फर्म, कम्पनी, संस्थाले धरौटी बाहेकको अन्य बाँकी रकम बोलपत्र स्वीकृत भएको जानकारी गराएको मितिले १५(पन्ध्र)  दिनभित्र बुझाई सक्नु पर्नेछ। सो समयमा बाँकी रकम नबुझाएमा विकास बैंकले धरौटी वापत जम्मा गरको रकम जफत गर्न सक्नेछ। विकास बैंकमा जम्मा गरिने उल्लेखित रकम अंक र अक्षरमा प्रष्ट हुने गरी लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

३. यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा बोलपत्रदाता वा निजको प्रतिनिधि र विकास बैंकका प्रतिनिधिहरुको रोहवरमा विकास बैंकको केन्द्रीय कार्यालय बुटवलमा बोलपत्र खोलिनेछ। बोलपत्र दाता वा निजका प्रतिनिधिहरुको अनुपस्थितिमा बोलपत्र खोल्न बाधा पुग्ने छैन।

४. बोलपत्र खोलिने दिन विदा परेमा विदा लगत्तै पछि विकास बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।

५. सवारी साधन नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने लागत तथा नेपाल सरकारले तोके बमोजिम लाग्ने सम्पूर्ण कर तथा दैदस्तुर सवारी साधन खरिदकर्ताले नै भुक्तानी गर्नु पर्नेछ।

६. प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढी रकम/अंक बोल कबोल गर्ने व्यक्ति, फर्म कम्पनी वा संघ संस्थालाई समेत अचल सम्पत्ति लिलाम विक्री गर्ने नगर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ। यस सम्बन्धमा विकास बैंकको अन्तिम निर्णय प्रति कतै उजुर बाजुर लाग्ने छैन।

७. बोलपत्र फारममा कुनै केरमेट गर्न पाइने छैन।

८. यस सम्बन्धी अन्य व्यवस्था विकास बैंकको आन्तरिक नीति नियम, प्रचलित कानून तथा विकास बैंकले तोके बमोजिम हुनेछ।

९. यस सम्बन्धी अन्य जानकारीको लागि रजिष्टर्ड कार्यालय, बुटवलमा रहेको बैंकको सामान्य सेवा विभागमा सम्पर्क राख्नुहुन अनुरोध छ।

SHINE RESUNGA DEVELOPMENT BANK LTD.  शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.

केन्द्रीय कार्यालय, बुटवल–११, कालिकानगर, रुपन्देही  फोन नं. ०७१–४१५५०२/ ४१५५०३

---

## Madane Rural Municipality

### Office of Rural Municipal Executive

Purkotdaha, Gulmi

## Invitation for Online Bids

Date of publication: 2024-09-20(2081/06/04)
Notice No: 02/2081/082

1.Madane Rural Municipality,Purkotdaha, Gulmi invites online bids Under E-Procurement system to the bidders for the Supply of following itemsUnder NCBBidding procedure:

| S.N | Contract Identification Number | Description of Works | Bid Security amount Nrs | Estimated amount with VAT | Bid Security validity period | Bid |
|---|---|---|---|---|---|---|
| 1 | OMDRM-GUL-W-NCB -04-2081/82 | Construction of Riyale Secondary School Physical Infrastructure Development Programme | 75000 | 2897009.53 | 120 | 30000 |

2. Date of purchasing submission and opening of bids:

| Last date of submission of bid | Date of opening of bid | Employers bank account for purchasing of bid document |
|---|---|---|
| 2024-10-20 (2081-07-04) at 12:00 | 2024-10-20(2081-07-04) at 13:00 | Agriculture Development Bank Limited. Purkotdaha, Gulmi Branch Account Name: MADANE GA.PA. A/C No: 0425401499748114 |

3. Eligible builders may obtain further information and inspect the bidding document at the office of Madane rural municipality at www.madanemun.gov.npormay visitPPMO website www.bolpatra.gov.np/egp.
4. Wholly or partially the right to accept or reject the bid document depends on the office of Madane rural Municipality.

---

## कावासोती नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

२०७३

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**प्रकाशित मिति २०८१।०६।०४**

यस कार्यालयबाट प्रकाशित ठेक्का आह्वान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्रमध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल (मु.अ.क. समेत) | कैफियत |
|---|---|---|---|---|
| 01/KM/NCB /081/82 | Road Upgrading Work at Two Location of Kawasoti-4 | अमित कन्स्ट्रक्सन लिपनीमाल-३, परवानीपुर, बारा | ७२.१३.८७५.०५ | १०.४० प्रतिशत घटी |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

# युवा परिषद् उपाध्यक्ष नियुक्तिमा किर्ते गरेको आरोप




बुटवल । लुम्बिनी प्रदेश युवा परिषद् उपाध्यक्षको नियुक्ति किर्ते भएको आरोप लगाउँदै पदमुक्त भएका गोविन्दबहादुर खत्रीले आफू पदमा कायम भएको दाबी गरेका छन् । लुम्बिनी प्रदेशका तत्कालिन सामाजिक विकास मन्त्री रत्नबहादुर खत्रीले २०८१ असार २० गते परिषद्को उपाध्यक्षबाट खत्रीलाई हटाएर सो पदमा हंशराज खनाललाई नियुक्ति गरेका थिए ।

खत्रीले बिहीबार पत्रकार सम्मेलन गरी तत्कालीन मन्त्री खत्रीले पदबाट राजीनामा दिएपछि मन्त्रालयको छापको दुरुपयोग गरी उपाध्यक्ष नियुक्त गरेर किर्ते काम गरेको आरोप लगाएका छन् । मन्त्री खत्री लिला गिरी नेतृत्वको सरकारमा एमालेबाट सामाजिक विकास मन्त्री थिए । गोबिन्द खत्री कांग्रेस निकट हुन् । 'एमाले नेतृत्वको सरकार ढलेपछि राजीनामा दिएका मन्त्री खत्रीले मन्त्रालयको लेटरप्याड र छाप घरमै लगेर छापको दुरुपयोग गरी कानुन विपरीत मलाई हटाएर नयाँ मान्छे नियुक्त गरेकाले खत्रीलाई नेपालको संविधानअनुसार कारबाही गर्न माग गर्दछु,'-पत्रकार सम्मेलनमा खत्रीले भने-'राजनीतिक पूर्वाग्राही राखी मनोमानी ढंगले चलानी नम्बर ४५ लेखेको भए पनि चलानी नम्बर ४५ र ४९ दुवै पत्र मन्त्रालयको चलानी किताबमा रेकर्ड नरहेकाले उपाध्यक्ष नियुक्ति अवैधानिक र किर्ते भएको ठहर हुन्छ ।'

आफूलाई राजनीतिक पूर्वाग्राहीका आधारमा हटाइएपछि आफू अदालत गएको रिट खारेज भएपछि नयाँ नियुक्तिको विषयमा पुराउनुपर्ने प्रकृया नपुराएको प्रमाण भेटिएको दाबी गरे ।

आफूलाई पुनर्वहाली नगरे सर्वोच्च अदालतमा जाने उनले पत्रकार सम्मेलनमा बताए । तत्कालीन मन्त्री खत्रीले भने गोविन्द खत्रीको भनाइ सरासर झुट भएको दाबी गर्दै सबै विधि प्रकृया पुराएर हंशराज खनालको नियुक्ति भएको बताए ।

# थारू समुदायले संविधान दिवसलाई कालो दिनको रूपमा मनाए



नवलपुर । थारु कल्याणकारिण सभा नवलपुर र थारुहट थारुवान संयुक्त संघर्ष समिति नवलपुरले बिहीबार संविधान दिवसलाई कालो दिवसको रुपमा मनाएको छ ।

कावासोती १६ डण्डामा थारु कल्याणकारिण सभा नवलपुरको आयोजनामा संविधान दिवसलाई कालो दिवसको रुपमा मनाइएको हो ।थारु कल्याण कारिण सभा नवलपुरका सभापति रामप्रसाद महताको अध्यक्षता विरोधसभा भएको थियो ।

विरोधसभामा बोल्दै थारु कल्याणकारिणी सभा नवलपुरका पूर्व अध्यक्ष, थारुहट थारुवान संघर्ष समिति नवलपुरका अध्यक्ष एवम् थारु अगुवा नेता गणेशमान महतोले यो संविधानले सबै जातजातिको अधिकार सुनिश्चित गर्न नसकेकोले विरोध गर्नु परेको बताए ।

उनले ०७२ साल असोज ३ गते जारी भएको संविधान विभेदकारी भएको भन्दै थारु समुदायले अपनत्व गर्न सक्ने खालको संविधान रहेको बताए ।

# महावीर पुनको सहयोगार्थ कारा फिल्मको च्यारिटी शो




बुटवल । वैज्ञानिक महावीर पुन नेतृत्वको राष्ट्रिय आविष्कार केन्द्रलाई सहयोग गर्न बुटवलमा कारा चलचित्रको च्यारिटी शो हुने भएको छ ।

लायन्स क्लब अफ बुटवल , लायनेस क्लब अफ बुटवल र लियो क्लब अफ बुटवल तथा एडभर्सी मिडिया ग्रुपको संयुक्त आयोजनमा यहि असोज ७ गते बुटवलमा कारा चलचित्रको च्यारिटी शो हुने लायन्स क्लब अफ बुटवलका अध्यक्ष मृगेन्द्रगोविन्द श्रेष्ठले जानकारी दिए । महाविर पुनले सुरु गरेको वीरगञ्ज कृषि औजार कारखाना सञ्चालन अभियानलाई साथ दिनको लागि असोज ७ गते बुटवल भाटभटेनीमा रहेको क्युएफएक्स हलमा च्यारीटी सो गर्न लागिएको क्लवका अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

माओवादीको सशस्त्र द्वन्द्वकालमा दुई भाइ बहिनीको रोचक कथा डेढ घण्टा लामो चलचित्रमा रहेको कारा चलचित्रका प्रोडक्सन हेड विकास भण्डारीले जनाए । रिलिज नहुँदै काठमाडौंपछि बुटवलमा च्यारिटि शो गर्न लागिएको उनले जानकारी दिए ।

बुटवलका तीन वटा क्लबका सचिवालय तथा कार्यसमितिमार्फत् टिकट बिक्री भइरहेको छ। बिहीबारसम्म १ सय ५० बढी टिकट बिक्री भएका छन् भने करिब ४ सय टिकट बिक्री हुने अपेक्षा गरिएको आयोजकको भनाइ छ । १ हजार रुपैयाँको टिकटमा सहयोग गर्ने व्यक्तिलाई खाजाको व्यवस्था रहेको आयोजकले जनाएका छन् । टिकट बिक्रीबाट संकलन भएको सबै रकम खर्च कटाएर महावीर पुनलाई दिइने अध्यक्ष श्रेष्ठले बताए ।

# संयुक्त दलित संघर्ष समिति रूपन्देहीद्वारा खबरदारी




बुटवल । संयुक्त दलित संघर्ष समिति रुपन्देहीद्वारा बुटवलको ट्राफिकचोकमा खबरदारी सभा बिहीबार सम्पन्न गरेको छ । नेपालको संविधान २०७२ को धारा २४ र ४० मा भएको व्यवस्था लागू गर्न माग गर्दै र काठमाडौंमा नेलसहित दलित अभियान्ता खगेन्द्र सुनारको 'दलितलाई खै' भन्ने एक सुत्रिय आन्दोलनलाई समर्थन गर्दै संघर्ष समिति रुपन्देहीले खबरदारी कार्यक्रम सम्पन्न गरेको हो ।कार्यक्रममा बोल्ने अधिकांश दलित नेता तथा अगुवाहरुले २१औं शताब्दीमा पनि जातीय विभेदको अन्त्य हुन नसकेको र संविधानले दिएको अधिकारलाई राज्यले कार्यान्वयन गराउन नसकेको गुनासो गरे ।

कार्यक्रममा परियार सेवा समाज रुपन्देहीका अध्यक्ष लोकबहादुर नेपाली, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका केन्द्रीय उपाध्यक्ष रवि विक, परियार सेवा समाज रुपन्देहीका वरिष्ठ उपाध्यक्ष नगेन्द्र दर्जी, जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य सावित्रा विक, राष्ट्रिय दलित पत्रकार संघ नेपाल, रुपन्देहीका अध्यक्ष टंक सुनारलगायतले बोल्दै संविधानले दिएका अधिकारहरुलाई राज्यले लिपिबद्ध गरेर व्यवहारमा कार्यान्वयन गनुपर्ने बताए ।

कार्यक्रममा विसे नगर्ची एकताको प्रतिक नेपालका अध्यक्ष रामकुमार रणपाल, नेपाल सुनचाँदी व्यवसायी महासंघका केन्द्रीय सदस्य दीपक विक, नेपाल पत्रकार महासंघ रुपन्देहीका सचिव विनोद परियार, सिर्जनशील सहयात्री साकोसका अध्यक्ष हरिबहादुर बोमरेल, लुम्बिनी स्वतन्त्र सिलाइ व्यवसायी संघ रुपन्देहीका अध्यक्ष कमल छिनाल, फेडो रुपन्देहीका अध्यक्ष मनु खड्का, नेपाल कपडा तथा सिलाइ व्यवसायी संघ तिलोत्तमा नगर कमिटीका अध्यक्ष प्रेम परियार, महासचिव फणिन्द्र घेलेलगायतका विभिन्न संघसंस्था तथा पत्रकारहरुको सहभागिता रहेको थियो ।

दलितका लागि दलित आन्दोलन नेपालका प्रमुख तथा अभियान्ता खगेन्द्र सुनारले दलितलाई राज्यका प्रमुख तहमा समावेश गर्नुपर्ने मागसहित ४५ दिनदेखि काठमाडौंमा नेलसहितको आन्दोलन गरिरहेका थिए । असोज ३ गते संविधान दिवसलाई कालो दिनका रुपमा मनाउँदै देशभरका दलितहरु काठमाडौंमा पुगेर बृहत आन्दोलन गरेको छ । सोही आन्दोलनलाई समर्थन गर्दै संयुक्त दलित संघर्ष समितिले बुटवलमा पनि खबरदारी कार्यक्रम गरेको हो । संघर्ष समिति रुपन्देहीका अध्यक्ष हरिओम विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रममा सचिव पदम विश्वकर्माले सञ्चालन गरेका थिए ।

# बालबालिका र वृद्धालाई पोशाक वितरण

परासी । सुनवल नगरपालिकाले पोशाक वितरण तथा अन्तर्क्रिया कार्यक्रम गरेको छ । संविधान दिवस तथा राष्ट्रिय दिवसको अवसरमा पोशाक वितरण तथा अन्तर्क्रिया कार्यक्रम गरेको हो ।

नगरपालिकाले सुनवल १३ मा अवस्थित भुमहीमा रहेको पवित्र वृद्धाश्रम र सुनवन १ मा रहेको लुम्बिनी माविका फरक क्षमता भएका बालबालिकाहरूलाई पोशाक वितरण गरिएको सुनवल नगरपालिकाकी नगरप्रमुख विमला अर्यालले जानकारी दिइन ।

जिल्ला समन्वय समितिका प्रमुख भगवतीप्रसाद (रूदल) यादव तथा सुनवल नगरपालिकाकी नगरप्रमुख अर्यालले संयुक्तरूपमा पवित्र वृद्धाश्रम र लुम्बिनी माविका विशेष क्षमता भएका बालबालिकाहरूलाई पोशाक वितरण गरेका हुन् ।

लुम्बिनी माविमा अध्यनरत विशेष क्षमता भएका १३ जना विद्यार्थी बालबालिकालाई पोशाक, न्यानो कपडा र पवित्र वृद्धाश्रमका ३ जना वृद्धालाई पोशाक वितरण गरिएको सुनवल नगरपालिकाका उप-प्रमुख सूर्यप्रसाद दुवेले बताए ।

अन्तर्क्रिया कार्यक्रम बोल्दै महाकवि देवकोटा क्याम्पसका अध्यक्ष कृष्णप्रसाद लामिछाने संविधान पूर्णरूपमा कार्यान्वयन नभएको बताए ।

नेकपा एमालेका जिल्ला उपाध्यक्ष डोलराज भण्डारीले जनताको माग अनुसार संविधान सशोधन गर्नुपर्नेमा जोड दिए ।

सहिद स्व. विष्णु पाण्डे धर्म पत्नि भागिरती पाण्डेले संविधान जुन गतिमा जानुपर्ने, नगएको र सहिदहरूको बालिदान कदर नभएको बताइन ।

उनले संविधानले दिएको कुरा व्यवहार लागू नभएको बताइन । जिल्ला सहकारी संस्थाका अध्यक्ष विष्णुप्रसाद पौडेलले पूर्ण बहुमत संविधान जारी भए पनि संविधान पूर्णरूपमा कार्यान्वयनमा ढिलाइ भएको बताए । उनले आवश्यकताअनुसार संशोधन गर्नुपर्ने आश्यकता पूरा गर्ने खालको हुनुपर्ने जनाए ।

# मैत्री सहकारीको २३औं साधारणसभा



बुटवल । मैत्री बहुउदेश्यीय सहकारी संस्था रेसुंगा नगरपालिका ८ गुल्मीको २३औं वार्षिक साधारणसभाअन्तरगत इकाई १ कालिकानगर बुटवलमा एकाइसभा बैठक सम्पन्न भएको छ ।

लुम्बिनी प्रदेशका पूर्व सामाजिक विकास मन्त्री सुदर्शन बरालले साधारणसभाको उद्घाटन गरेका हुन् । साधारणसभाको उद्घाटन गर्दै उनले सहकारी बलियो बनाउनको लागि शेयर सदस्यहरुले सहकारीको अवस्था हेर्न जरुरी रहेको बताए ।

शंकरप्रसाद गौतमको अध्यक्षतामा भएको कार्यक्रम सहसचिव ओम कार्कीको सञ्चालन तथा चोलराज शर्माको स्वागतमा सम्पन्न भएको थियो ।

२०५७ सालमा स्थापना भएको सहकारीमा १४ हजार शेयर सदस्य रहेका छन् भने ८ वटा सेवाकेन्द्रबाट रहेको सहकारीले जनाएको छ । बुटवल एकाइमा करिब १,१०० शेयर सदस्य रहेका छन् । साधरणसभामा अध्यक्षको प्रतिवेदनसहित संस्थाका कोषाध्यक्ष रामबहादुर कुँवरको आर्थिक प्रतिवेदन समेत पारित भएको छ । साधारणसभाको अवसरमा आयोजित निःशुल्क स्वास्थ्य शिविरमा १३० बढीले चेकजाँच गरेका थिए ।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com